## दरबार आफैं चेलिबेटी बेचबिखनमा लागेको समय

वसन्त महर्जन

नेपाली चेलिबेटीहरू विदेशमा बेचिने कुरा अहिले नौलो लाग्दैन । तर, यसको इतिहास कति पुरानो होला ? वा सुरुमा यसरी चेलिबेटी बेचबिखनमा कसको संलग्नता रह्यो र त्यो कुन वर्गबाट थियो होला भन्ने प्रश्न बडो चाखलाग्दो हुन सक्छ । जंगबहादुरको पालामा नेपाली चेलिबेटीहरू बेचिनु साधारण कुरा नै भइसकेको देखिन्छ । इतिहासकार ज्ञानमणि नेपालले प्रकाशमा ल्याएका केही ऐतिहासिक पत्रहरूबाट यो कुरा प्रमाणित नै भएको छ । ती पत्रहरूको अध्ययन गर्दा तत्कालीन समाजमा राज्यकोषबाट खर्च गरेर देशका विभिन्न भागहरूबाट चेलिबेटीहरू ल्याइने, दरबारमा तिनीहरूलाई यौनजन्य प्रयोगमा लगाइने र पछि विदेशमा बेच्न पठाउने गरेको बुझिन्छ । इतिहासकार नेपालका अनुसार तत्कालीन नेपालको प्रतिनिधि भएर भोटमा बसेका वकिलमार्फत् राणा प्रधानमन्त्रीको अनुमति लिएर यो व्यापार चल्दथ्यो ।

वि.सं. १९२४ को हिउँदमा श्री ३ महाराज तथा प्रधानमन्त्री जंगबहादुर राणाले नैनशोभा नाम गरेकी एक नेपाली चेलीलाई भोटमा बेच्न पठाएको बेहोरा इतिहासकार ज्ञानमणि नेपालले आफ्नो 'नेपाल निरुक्त' मा दिएका छन् । सोही पुस्तकमा यससम्बन्धी पत्रहरू संलग्न छन् । पत्रअनुसार नैनशोभालाई भोटमा लगेर बेच्नू भन्ने आदेश दिई दुई सिपाही साथ लगाएर भोट पठाएका थिए । नैनशोभालाई कुतीमा पुर्‍याएपछि त्यहाँका ढेवा झुम्पुनहरूले भोट सरकारको इजाजतबिना नेपाली आइमाईलाई प्रवेशाज्ञा दिन नसक्ने भनेपछि थापाथली दरबारले नैनशोभा तिब्बतमा बस्ने वकिलकी कमारी भएको र उसलाई काम गर्न सघाउनका लागि भनी झुठो बेहोरा पठाइदिएको थियो । नैनशोभा वकिलकी कमारी थिइनन् र उनलाई भोटमा पठाउनुको कारण बेच्नलाई नै हो भन्ने कुराको पुष्टि तत्कालीन नेपाली वकिल कप्तान जीतमानसिंह खत्रीले लेखेको अर्को पत्रबाट बुझिन्छ । उनले पत्रमा ल्हासामा रहेकी नैनशोभा धेरै दिनसम्म पनि बिक्री हुन सकेकी छैनन् तर हिउँद पनि लाग्यो, टाढाबाट आउने गोलक खम्पा डुक्पाहरूलाई राम्रो पैसामा बेचौंला भन्ने व्यहोराको कुरा थापाथली दरबारमा लेखेका थिए । यसरी नै तत्कालीन चीफ साहेव रणोद्दीपसिंहले उनै वकिललाई लेखेको पत्रमा 'त्यो केटी चाँडै बेच्नू, बेचेपछि फलाना ठाउँमा यति रुपैयाँमा बिक्री भई भन्ने खबर लेख्नु, नबिकुन्जेल आफ्नै साथमा राख्नु, कतै भागी नासी जान नपाओस्' भन्ने कुरा लेखेको छ । यस्तो चिठ्ठी लेख्ने अरू कोही नभएर स्वयं जंगबहादुरका भाइ तथा जंगबहादुरपछि नेपालको श्री ३ महाराज तथा प्रधानमन्त्री बन्ने व्यक्ति हुन् । नैनशोभा वि.सं. १९२५ कार्तिकसम्म पनि बिक्री भइसकेकी थिइनन् भन्ने कुरा पनि सोही पत्रबाट बुझिन्छ ।

राज्यबाट नै नेपाली चेलिबेटी बेचबिखन हुनुका कारणबारे चर्चा गर्दा तत्कालीन राजनीति र सामाजिक जीवनतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । वि. सं. १९०३ मा दरबारभित्र मुख्यमुख्य भारदारहरूलाई काटी अधिकार हातमा पारेर जंगबहादुर प्रधानमन्त्री बनेका थिए । यो घटना 'कोतपर्व' नामले इतिहासमा चिनिन्छ । कोतमा बचेखुचेका तर आफ्ना विरोधीहरूलाई भण्डारखाल बगैंचामा काटिएपछि देशको सर्वेसर्वा उनी नै हुन पुगे । षड्यन्त्रपूर्ण राजनीतिमा निकै सक्रिय हुनुका साथसाथै जंगबहादुर अति नै स्त्रीलम्पट पनि थिए भन्ने कुरा खुलाउने थुप्रै दस्तावेज र घटना विवरण पाइन्छन् । उनको ल्याइते र ब्याइते स्वास्नीहरू मात्रै कति थिए भनेर गनिनसक्नु थियो भने दरबारमा कति महिलाहरू उनकै लागिमात्रै भनेर व्यवस्था गरिएको हुन्थ्यो । देशभित्र तथा बाहिर विशेषतः भारतमा राम्रा राम्रा आइमाईहरू खोज्न जागिर दिएरै पनि मान्छेहरू खटाइएको हुन्थ्यो । राजधानी काठमाडौंमा नै पनि कति आइमाईहरूलाई राणाहरूको आँखाबाट जोगिनु अति नै गाह्रो काम हुन्थ्यो भन्ने कुरा उतिबेलाका मान्छेहरू अहिले पनि सुनाउने गर्दछन् । राजनीतिक शक्ति उसको हातमा थियो र त्यो शक्तिसँग जनता दबिएका थिए । यसरी ठाउँठाउँबाट उठाएर ल्याइएका आइमाईहरू सधैं आफैंकहाँ उनी राख्दैनथे । केही समयपछि बेच्नका लागि भोटतिर पठाइन्थ्यो भन्ने कुराको एउटा उदाहरण नैनशोभा पनि हो । उनलाई पत्रमा थापाथलीकी भनिएको छ । तसर्थ, अरू दस्तावेजहरू नभेटिएसम्म जंगबहादुर राणालाई नेपाली चेलिबेटीहरूको बेचबिखनका संस्थापकभन्दा फरक नपर्ला ।

राणाकालमा शासकहरूबाट सर्वसाधारण नेपाली चेलिबेटी मात्रै नभई दरबारमा हुर्केकी राजकुमारीसहित बेचिन पुगेका घटना घटेको पाइन्छ । राजकुमारी धतुरी मैयाँ काशीमा बस्ने पद्मप्रसादबाट १ हजार ३ सय रुपैयाँमा कलकत्तामा हीरालाल भन्ने वेश्याकोठी सञ्चालककहाँ बेचिएकी थिइन् । तेजकुमारी भन्ने एउटी नेपाली चेली त हीरालालको कोठीमा निकै पाशविक यातना पाई बिरामी भएर मरेकी पनि थिइन् । तत्कालीन समयमा कलकत्तामा नेपालीहरू मिलेर खोलिएको 'गोर्खा कल्याण संघ' को एक बैठकमा भाग लिन संघका एक कार्यकारी सदस्य खड्गबहादुर सिंह सन् १९२६ अप्रिलतिर चितपुरतिर गइरहेको बेला एक विशाल भवनको माथिल्लो तलाबाट एउटी युवतीले चिठ्ठी खसालेर पठाएकी थिइन् । सो चिठ्ठीमा आफ्नो परिचय दिंदै आफू त्यहाँ बेचिएको, इच्छाविरुद्ध बस्नुपरेको कुरामात्रै नभई त्यस ठाउँमा अरू पनि थुप्रै चेलिबेटी भएको खबर गरिएको थियो । सो चिठ्ठी पढेपछि युवक खड्गबहादुरले हीरालाल मारवाडीको हत्या नै गरी चेलिबेटीहरूको उद्धार गरेका थिए । यो हत्याकाण्ड संसारभरका समाचारपत्रहरूमा एक सनसनीपूर्ण समाचारको रूपमा फैलिएको थियो । तत्कालीन गोरखापत्र, राजभक्ति, तरुणगोर्खा, गोर्खासंसारजस्ता नेपाली पत्रिकाहरूमा पनि यो समाचार प्रकाशित भएको थियो ।

कुनै अर्को राज्यमा आफ्नो राज्यका चेलिबेटीहरूलाई उपहारका रूपमा पठाइने कुरा त अन्यत्र मुलुकहरूमा पनि पाइन्छ तर बेच्नकै लागि भनी राज्यशक्ति नै लागेको भने नेपालमा बाहेक अन्यत्र पाइँदैन । राणाकालमा जनताका चेलिबेटीहरू बेचिने घटना साधारण नै भएको कुराको पुष्टि दरबारमा नै हुर्केकी राजकुमारी नै पनि एकपल्ट बेचिन पुगेबाट हुन्छ । यसबाट के

बुझिन्छ भने त्यतिखेर नेपाली चेलिबेटीहरू तिब्बतमा मात्रै नभई भारतमा पनि बेचिन्थे । आजभोलि तिब्बततर्फ यस्तो घटना हुने गरेको नपाइए पनि बम्बई शहर अन्य मुलुकहरूसम्म पुऱ्याइने 'ट्रान्जिट प्वाइन्ट' भएको छ । तर, आजभोलि यस कार्यमा कसको र कुन वर्गको संलग्नता छ भन्ने कुरा खुल्दैन, अनुमानसम्म हुन्छ तर तिनीहरूमाथि निगरानी र अनुसन्धान हुन नसक्दा नैनशोभाजस्ता लाखौं नेपाली चेलिबेटी संसारका धेरै मुलुकमा अहिले पनि बेचिन बाध्य छन् ।

## यौन दुर्व्यवहारका कारण व्यवसाय नै छोड्ने त ?

निर्मला शर्मा

तपाईले आफ्ना विपरीत लिंगी समवयीहरूलाई कार्यस्थलमा जिस्काउने गर्नुभएको त छैन ? यदि तपाईंमा यस्तो नराम्रो बानी छ भने छिट्टै सुधार गर्नुहोला है नत्र सजायको भागिदार बन्नुपर्ला नि । किनभने अब विगतमा झैं कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सहेर कोही बस्नेवाला छैन ।
काठमाडौंस्थित हायात रिजेन्सी होटललगायतका राम्रो व्यवस्थापन भएका बहुराष्ट्रिय र राष्ट्रियस्तरका औद्योगिक प्रतिष्ठानमा यस्तो व्यवहार गर्नेलाई कडा कारबाही गरिने सूचना टाँसेको प्रस्ट देख्न सकिन्छ ।

नम्रता काठमाडौंको उच्चमध्यमवर्गीय परिवारकी छोरी र चिकित्सककी पत्नी हुन् । व्यवस्थापनमा स्नातक गरेकी नम्रताले बेरोजगार भएर घरमा बस्नुभन्दा उद्यमी बन्ने अठोट गरेकी थिइन् ।
२४ वर्षको उमेरमा इन्टेरिएर डेकोरेसनसम्बन्धी हस्तनिर्मित वस्तुको उत्पादन तथा बाहिरबाट सामान आयात गरेर बिक्री गर्ने काम केही वर्षअघि उनले सुरु गरेकी थिइन् । आफ्नो कम्पनी स्थापना गर्न उनलाई सम्बन्धित सरकारी कार्यालयदेखि बजार विस्तार गर्न धेरै व्यक्तिको घर तथा कार्यालयसम्म पुग्नुपर्थ्यो ।

अहिले उनी त्यो काम छोडेर छात्राहरू मात्र पढ्ने एक विद्यालयमा अध्यापन गर्छिन् । उद्यमी बन्ने सपनालाई तिलान्जलि दिनुको कारण नचाहेका व्यक्तिद्वारा यौन आसय प्रत्यक्ष रूपमा प्रकट गर्नु हो ।
सरकारी अधिकारीले ५ मिनेटमा हुने कामलाई ५ दिन लगाइदिन्थे भने पेमेन्ट लिन जाँदा पुरुष ग्राहकले झुलाउने, रेस्टुराँ जान प्रस्ताव राख्नेजस्ता नचाहिने विषयमा प्रश्न राख्दथे । उनले त्यतिबेला यस्ता ग्राहक पनि भेटिन् जसलाई उनका सामान आवश्यक नभए पनि बोलाउँथे र घन्टौं कुरा गर्न बाध्य गराउँथे । सामान हेर्ने वहानामा हात छुन्थे । झुक्किएझैं शरीरमा ठोक्किन आउँथे र सरी भन्थे ।

यस्तो कार्यमा उनका बाबुसमानका व्यक्तिहरूको बढी चासो हुन्थ्यो । मैले धेरैको मानसिकता बुझेपछि आफैंलाई असुरक्षित ठानें र विजनेस छोडेर पढाउन थालें( उनी भन्छिन् ।
हेटौंडास्थित उत्पादनमूलक कारखानामा रामकला काम गर्थिन् । अर्को कम्पनीमा गार्डको रूपमा काम गर्ने श्रीमान्ले भन्दा उनी धेरै कमाउने हुनाले परिवार राम्रोसँग चलेको थियो । अफिसमा नै काम गर्ने एउटा व्यक्तिले सधैं उनको पिछा गर्थ्यो । एक दिन उनलाई त्यस व्यक्तिले अंगालो हाल्ने असफल प्रयास गऱ्यो । यो घटनालाई अरूले पनि देखे । रोजगारदाताकहाँ उजुरी पऱ्यो । रामकलाले आफ्ना कुरा भन्न नपाउँदै साहुले कामबाट निकालिदियो ।
अहिले उनले कुनै पनि कारखानामा काममा जाने हिम्मत जुटाउन सकेकी छैनन् । एकजनाको कमाइले परिवारको आर्थिक स्थिति असन्तुलित भएको छ । रामकला निर्दोष भएर पनि पीडित भएर बस्नुपरेको छ । यसको असर उनका नाबालक छोराछोरीको लालनपालन र भविष्यमा परेको छ ।

अर्कोतिर गरिब दलित परिवारकी २१ वर्षीया सुमित्रा एउटा गैरसरकारी संस्थाको पश्चिमी जिल्लामा कार्यक्रम अधिकृतको रूपमा काम गर्थिन् । उनीभन्दा माथिल्ला पदमा ३५ वर्षीय युवक पहिल्यैदेखि थिए । त्यो व्यक्तिले कार्यालयको कम्प्युटर आफ्नो बेडरुममा लगेर राखेको थियो । सुमित्राले त्यो कम्प्युटर कार्यालयमा सार्न अनुरोध गरिन् । तर, उसले आफ्नै बेडरुममा आएर काम गर्न भन्थ्यो । समुदायमा काम गर्न पनि सोही व्यक्तिसँग जानुपर्थ्यो । सुमित्रा बसमा जाऊँ भन्थिन् तर उसले मोटरसाइकलमा लग्थ्यो । कामबाट जंगलको बाटो फर्कंदै गर्दा बाइक बिग्रियो भनेर धेरै बेर रोकाउँथ्यो । एउटै अफिसमा काम गर्ने हाकिमको यस्तो चाला मन नपरेपछि उनी टाढा हुन थालिन् । आफ्नो स्वार्थपूर्ति हुने स्थिति नदेखेपछि उक्त व्यक्तिले मुख्य कार्यालयमा उनी माओवादी गतिविधिमा संलग्न भएको भनी उजुरी गऱ्यो । यथार्थ नबुझीकनै उनलाई संस्थाले जागिरबाट निकालिदियो ।

नारी हकहितका लागि लड्ने गैरसरकारी संस्था होस् या कार्यालय, गलैंचा फ्याक्ट्री होस् या अन्य कारखाना, बसमा हिँड्दा होस् या सरकारी कार्यालय र आफ्नै व्यवसाय सञ्चालन गर्ने उद्यमी महिलालाईसमेत लोग्नेमानिसले यौन दुर्व्यवहार गरेर निरुत्साहित गर्ने गरेको पाइन्छ ।
निर्दोष हुँदाहुँदै पनि कसैको गलत व्यवहारबाट पीडित युवतीले पीडकलाई सजाय दिन त सक्दिनन् नै अर्कोतिर यस्तो व्यवहारले उनीहरूको आत्मविश्वाससमेत कमजोर भएर जान्छ । यस्ता घटनाले केवल पीडित व्यक्तिलाई मात्र घाटा नभई मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने अदम्य साहस भएका महिलालाईसमेत निरुत्साहित गरिरहेको छ । घरेलु तथा साना उद्योग

महासंघ, महिला उपसमितिका अध्यक्ष लता प्याकुरेल नयाँ र युवा महिला उद्यमीले सबभन्दा बढी यौनजन्य दुर्व्यवहार सहनुपरेको बताउनुहुन्छ। उहाँका अनुसार यस्तो व्यवहारबाट दिक्क भएर आफ्नो व्यवसाय नै छोडेर अन्यत्र काममा लाग्ने महिला उद्यमीको संख्या उल्लेख्य छ।
उहाँको अनुभवमा बैंकका अधिकारीले समेत ऋण लिन पुरुष जाँदा प्रस्ताव हेरेर तुरुन्त स्किम बनाइदिने तर महिलालाई धेरै अलमल्याउने गरेका छन्।

घरेलु विभाग काठमाडौं फर्म दर्ता शाखाकी अधिकृत गिरिजा शर्माले आफू उक्त शाखामा आएपछि महिलालाई फर्म दर्ता गराउन सजिलो भएता पनि पुरुष कर्मचारीले भने अझै अलमल्याउने गरेको बताउनुहुन्छ।
घरेलु तथा साना उद्योग महासंघ काठमाडौंकी महासचिव प्रमिला बस्नेत महिला उद्यमीमा उद्योग दर्ता सम्बन्धमा सम्पूर्ण प्रक्रियाको ज्ञान नभएको फाइदा बैंकदेखि सरकारी कार्यालय र ग्राहकले उठाउने गरेको बताउनुहुन्छ।
विनायक श्रम तालिम केन्द्रकी प्रोप्राइटर उषा दाहालका अनुसार देशबाहिर पुरुष साथीसँग तालिम लिन जाँदासमेत समाजले शंका गर्ने भएकाले महिलाहरू अवसरबाट वञ्चित हुनुपरेको छ। यसको प्रमुख कारकतत्व क्ष्महगबा जबचचभकक्षभलत नै हो।
अन्तर्राष्ट्रिय श्रम संगठनले गरेको अधिराज्यव्यापी एक अध्ययनले विभिन्न क्षेत्रमा कार्यरत महिलामध्ये ४८.४ प्रतिशत महिलाले आफैंले यौनजन्य दुर्व्यवहार सहेर बसेको देखाएको छ।
नेपाल उद्योग वाणिज्य महासंघ, रोजगारदाता परिषद्का उपसभापति रविन्द्र श्रेष्ठ यौनजन्य दुर्व्यवहारबाट उत्पन्न समस्याले राष्ट्रको समग्र आर्थिक विकासमा असर पर्ने बताउनुहुन्छ।
यस्ता घटनाले औद्योगिक प्रतिष्ठानको उत्पादकत्वमा समेत ह्रास हुने गरेकाले रोजगारदाताहरू यसलाई निरुत्साहित गर्न अग्रसर भएको अधिवक्ता सलिना जोशीले बताउनुभयो। अहिले होटल, उद्योग प्रतिष्ठान, शिक्षण संस्था, सामाजिक संस्थालगायतका क्षेत्रमा लोभलालच, पदीय शक्तिका आडमा यौनजन्य दुर्व्यवहार हुने गरेको पाइएको छ। त्यसमा पनि सबैभन्दा बढी उद्योग व्यवसाय क्षेत्र (जहाँ महिलाले रातबिहान नभनी काम गर्नुपर्ने हुन्छ) मा हुने यौनजन्य दुर्व्यवहारले उनीहरूलाई व्यवसायमा आउन निरुत्साहित बनाएको छ।

हरेक क्षेत्रमा हुने यसप्रकारका यौनजन्य दुर्व्यवहार रोक्न कानुनी संरचना तयार हुनु आवश्यक छ। यौनजन्य दुर्व्यवहार सहेका नम्रता, सुमित्रा र रामकलाजस्ता हजारौं महिलालाई उचित सम्मान र पीडकबाट क्षतिपूर्ति तिराउनुपर्ने कानुन बनाउनु आवश्यक छ।
माथि उल्लेख गरिएका तीन युवतीले आफूहरू निर्दोष हुँदाहुँदै पनि जिन्दगीको सबभन्दा जटिल मोडमा अहिले कष्टकर जीवन बिताएका छन्। शारीरिक रूपमा क्षति नभएको देखिए तापनि उनीहरूले मानसिक रूपमा भोग्दै आएको विक्षिप्तता र त्रासको उपचार विद्यमान कानुन र समाजले गर्न सकेको छैन।

## श्रव्यचीबाट मनको वह पोख्छन् यिनीहरू

नीलबहादुर खड्का

सर्लाही मुर्तियाकी ३५ वर्षीया सरस्वती चौहानका लागि कागजमा लेखिएका अक्षरहरू आफ्नै घरमा पालिएका लैना भैंसीसरह छन्। पढाइका नाममा सावाँअक्षरसम्म नचिनेकी सरस्वतीले कतारमा रहेर पसिना बगाइरहेका आफ्नै श्रीमान् नकुलले पठाएको पत्रको जवाफ फर्काउन त परै जाओस्, त्यसमा लेखेका कुराहरू सुनेर चित्त बुझाउन मात्रै पनि निकै दौडधुप गर्नुपर्थ्यो। तर, अहिले उनी कतारमा रहेका श्रीमान्को ठेगाना अरूलाई नै लेखाएर भए पनि मनको बह पोखेर पत्र पठाउन अभ्यस्त भइसकेकी छिन्।

यसैगरी सर्लाहीकै उत्तरपश्चिमी गाउँ राजघाटकी ३१ वर्षीया शर्मिला थापामगरका स्कुल जाने दिनहरू गाईबाखा चराउँदैमा बिते। लेख्न नजाने पनि कनिकुथी पढ्न भने जानेकी शर्मिलाका श्रीमान् पनि विगत एक वर्षदेखि कतारमै मजदुरी गरिरहेका छन्। श्रीमान्ले आफ्नो नाममा पठाएका चिठ्ठीहरू साँझको घरधन्दा सकेर लुकिलुकी लामो अवधि लगाएर पढ्न सके पनि त्यसको जवाफ फर्काउनु भनेको उनका लागि महाभारतको युद्ध जित्नुसहर थियो। तर, उनले अहिले आफ्ना श्रीमान्लाई मनका सारा वेदना खोलेर पत्र पठाउन थालेकी छिन्।
रौतहट सिन्दुरेधारीकी ३७ वर्षीया पार्वती थापाले साउदी अरबको रियादमा होटल मजदुरी गरिरहेका आफ्ना श्रीमान् गोपाल थापालाई पत्र पठाउनुपर्दा देवरलाई लेख्न लगाउँथिन्। देवरलाई पत्र लेख्न लगाउँदा आफ्ना मनमित्रका भावनाहरू गाँठो पारेर औपचारिक कुराहरू मात्रै लेखाउँदै आएकी पार्वतीले अहिले आफ्नो हृदयभित्र लुकेर बसेका भावनाहरू सविस्तार खोलेर श्रीमान्लाई पत्र पठाउन थालेकी छिन्।

रौतहटकै सन्तपुरकी दिलकुमारी फुयाँल पनि गत वर्ष मात्रै मलेसिया पुगेका आफ्ना श्रीमान् सरोज फुयाँलको पत्र पाएपछि त्यसमा लेखेका कुरा सुन्न माइती बनबोहोरी नै पुग्नुपर्थ्यो। लोग्नेको चिठ्ठी जोसुकैलाई देखाउन मनै नमान्ने बताउने दिलकुमारीले रातोपिरो मुहार बनाउँदै जवाफ पनि माइतीमा भाइलाई नै लेख्न लगाउँथिन्। लोग्नेलाई पत्र पठाए पनि भनेजस्तो कुरा लेखाउन नसकेर मन खुम्च्याउँदै फर्कने गरेकी दिलकुमारीले पत्र पठाउन र लेखाउन माइती नै पुग्नुपर्ने झन्झटबाट भने

अहिले केही हदसम्म मुक्ति पाएकी छिन् ।
सर्लाही हजरियाकी कलावती राउतले जग्गाको विषयमा आफ्नै जेठाजु सूर्यबहादुर राउतले आफूमाथि गरेका दुर्व्यवहारका सम्बन्धमा कतारमा रहेका श्रीमान्लाई जानकारी गराउन चाहेर पनि सकिनन् । आफ्नो लेख्ने औकात नभएपछि जोसुकैलाई यस्ता कुरा लेखाउने आँट गर्न नसकेकी कलावतीले अहिले यो मात्रै होइन, आफ्ना मनका सारा भावना खोलेर श्रीमान्लाई पत्र पठाउँदै आएकी छिन् ।

कलम र कापीसँगको मित्रता पूर्ववतै भए पनि त्यस्ता महिलाहरूलाई आफ्ना भावना पठाउन र श्रीमान्का भावना सुन्न अहिले अडियो क्यासेटको चक्का (रिल) ले उल्लेखनीय सहयोग पुऱ्याएको छ । वास्तवमा हाम्रोजस्तो अति पिछडिएको ग्रामीण समाजमा निरक्षर महिलाहरूका लागि यो प्रविधि रामवाणसिद्ध भएको छ । यो प्रविधिले निरक्षर महिलाहरूमा क्रान्ति नै ल्याइदिएको छ । अहिले सर्लाही, रौतहट, बारालगायतका मध्यतराईका निरक्षर महिलाहरूले विदेशमा रहेका आफ्ना श्रीमान्हरूलाई पत्र पठाउँदा अडियो क्यासेटको चक्कामा आफ्ना सारा कुराहरू भरेर पठाउने गरेका छन् । क्यासेटको रिलमा नै आफ्ना मनका सबै वहहरू पोखेर भरेपछि खाममा बन्द गरेर हुलाकमार्फत् पठाउने यो चलन साह्रै उपयोगी भएको कुरा सर्लाही मुर्तियाकी सरस्वती चौहान बताउँछिन् ।

'मलाई त क्यासेटको रिलमा पनि यस्ता कुराहरू रेकर्ड गरेर पठाउँछन् भन्ने थाहै थिएन । तर, गत तिहारमा रियादबाट श्रीमान्ले चिठीमा क्यासेटको रिल पठाउनुभएको रहेछ । पहिला त म किन घडी पठाउनुको सट्टा रिल पठाउनुभयो भनेर अचम्मित भएँ । त्यहाँको गीतको रिल होला भन्ने सोचेर क्यासेटमा हालेर बजाउँदा त म झनै आश्चर्यचकित भएँ । पहिलोपल्ट श्रीमान्ले आफ्नो हालखबर ठीकै भएको र त्यहाँ के(कसो छ ? भन्नेलगायतका कुराहरू रिलमा भरेर पठाएको घटना स्मरण गराउँदै रौतहट सिन्दुरेधारीकी पार्वती थापाले भनिन् । उक्त रिलमा श्रीमान्ले अबदेखि मलाई पत्र पठाउँदा यसैगरी आफ्ना सबै कुराहरू निर्धक्कसँग भरेर पठाउनु भनेकाले पनि त्यसैबेलादेखि नै आफूले त्यसरी नै पत्र पठाउँदै आएको पनि पार्वतीले बताइन् । पार्वती भन्छिन्( अरूलाई धक मानीमानी पत्र लेखाउनुभन्दा यसरी नै रेकर्ड गरेर पठाउने चलनले धेरै सहयोग पुऱ्याएको छ ।

गत मंसिरमा कतारबाट आफ्नो श्रीमान्ले चिठ्ठीमा एउटा रिल पठाएपछि आफू छक्कै परेको बताउँदै सर्लाही राजघाटकी शर्मिला थापा भन्छिन्( त्यो रिलमा श्रीमान्ले आफ्ना भनाइहरू भरेर पठाउनुभएको छ होला भन्ने कुरा त मैले सोच्न पनि सकेकी थिइनँ । तर, क्यासेट बजाएर सुन्दा त मलाई श्रीमान् नै आफ्नोअगाडि उभिएर बोलेजस्तो लाग्यो । शर्मिला पनि यस्तो तरिकाले आफूहरूजस्ता धेरै निरक्षर महिलालाई सहयोग मिलेको बताउँदै श्रीमान्लाई चिठ्ठी लेखिदिनुपऱ्यो भनेर घरघर दौडिनुपर्ने समस्या हटेको बताउँछिन् ।

यसरी आफ्नो बोली नै रेकर्ड गरेर पठाउँदा खाममा ठेगाना मात्रै अरूलाई लेखाए पुग्ने बताउँदै दिलकुमारी यो तरिका निकै नै प्रभावकारी भएको बताउँछिन् । आफ्नो मनका भावनाहरू श्रीमान्(श्रीमतीबाहेक अरूले सुन्न र पढ्न पनि नपाउने, अरूलाई धक मानीमानी लेखाउन पनि नपर्ने र कुरा गरेसरह नै बोली नै आरामसँग सुनिरहन पाइने भएकाले पनि यस्तो प्रविधिले आफूहरूलाई निकै फाइदा पुऱ्याइरहेको दिलकुमारीको अनुभव रहेको छ ।

श्रव्य चिठ्ठी जे(जसरी प्रचलनमा आएको भए तापनि वास्तवमा यसले ग्रामीण क्षेत्रका महिलाहरूका लागि उल्लेखनीय सहयोग पुऱ्याएको छ । ग्रामीण नारी सचेतना केन्द्र राजघाट सर्लाहीकी अध्यक्ष गोमा अधिकारी श्रव्य चिठ्ठी प्रविधिले वास्तवमै निरक्षर महिलाहरूलाई परिवारबाट छुटिएर विदेशमा रहेका आफन्तसँग नजिक्याउन ठूलो सहयोग पुऱ्याइरहेको बताउनुहुन्छ । लेखपढ गर्न नजाने पनि काम र मामको खोजीमा विदेशिएका श्रीमान्सँग एकआपसको भावना साटासाट गर्न र मनको वह धक नमानीकन खोल्न यस प्रविधिले महिलाहरूलाई निकै सहयोग पुऱ्याएको बताउँदै उक्त केन्द्रकी अध्यक्ष अधिकारी भन्नुहुन्छ( संचारमा आएका ठूलाठूला जस्तासुकै प्रविधिले पनि अहिले निरक्षर महिलाहरूलाई छुन सकेको छैन । तर, यस प्रविधिले उनीहरूको जीवनस्तरमा क्रान्ति नै ल्याइदिएको छ ।

सरस्वती, शर्मिला, पार्वती वा कलावतीहरू संचारमा आएको नयाँ क्रान्तिले भन्दा उही पुरानै प्रविधि आफ्ना मनका वह ओसार्ने उपयुक्त साधन बनेकोमा अत्यन्तै खुसी छन् ।

## पीडित झन् पीडा झेल्न बाध्य

केदार भट्टराई

मानवाधिकारको क्षेत्रमा कार्यरत संस्थाहरू तथा समाजलाई सही बाटो देखाउने पत्रपत्रिकाहरूले नै आफ्नो उद्देश्य बिर्से भने त्यसको परिणति कस्तो होला ? बलात्कारजस्तो संवेदनशील विषय र त्यस्ता घटनामा दोषीलाई भन्दा पीडितलाई दोषी देख्ने समाजमा समाजका अगुवाहरूको यो चालाले कस्तो सन्देश देला ? बलात्कारजस्तो चरम कुकृत्यको समाचार प्रकाशनमा अखबारहरूले सामान्य आचारसंहितालाई बिर्सेर वा जानाजान पीडित पक्षको नाम तथा ठेगाना दिने गरेको कुराले यो प्रश्न उब्जाएको छ । र, अझ अर्को संगीन प्रश्न एउटा मानवाधिकारवादी संस्थाले अखबारहरूको समाचार स्रोत उद्धृत गर्दै निकालेको

मानवाधिकार उल्लंघनको विवरणले सिर्जना गरेको छ ।
नेपाल मानव अधिकार संगठनको प्रकाशन मानव अधिकारको २०५९ पुस/माघको अंकमा महिलासम्बन्धी मानवाधिकार उल्लंघनका घटनाहरूको विवरणमा साउन १, २०५९ देखि ३१ असोज २०५९ सम्मका घटनाको विवरण पनि समावेश छ । र, त्यसमा अधिकांश पीडितको नाम तथा ठेगाना दिइएको छ । जसले पीडितलाई समाजमा पुनर्स्थापनाका लागि समस्या पर्ने कुरा राष्ट्रिय मानवाधिकार आयोगका पूर्वसचिव डा शंकरकुमार श्रेष्ठको छ ।

पीडित न्याय(प्रणालीमा विद्यावारिधि गर्नुभएका श्री श्रेष्ठको निष्कर्ष छ( नेपालमा मात्र नभएर विश्वमै पीडित न्याय(प्रणालीको अभावमा यस्ता समस्या देखापरेका छन् ।
तर, अधिवक्ता सपना मल्लको विचारमा कानुनी रूपमा भने नेपाल अधिराज्यको संविधान, २०४७ ले नै गोपनीयताको हकको ग्यारेण्टी गरेको छ । जसको कार्यान्वयनका लागि बलात्कारका घटनासम्बन्धी मुद्दामा सुनुवाइका लागि मुलुकी ऐन, ११ औं संशोधनले बन्द इजलासको व्यवस्था गरेको छ ।

तर, श्री श्रेष्ठ भने बन्द इजालसको व्यवस्था भए पनि पीडितले जानकारी नै नपाएको अवस्थामा उसबाट त्यसको माग नहुने र पीडितबाटै माग नभएको अवस्थामा बन्द इजालस बन्न नसक्ने कुरा बतानुहुन्छ ।

त्यसो त, मुलुकी ऐनमा भएको संशोधनअगाडि पनि न्यायालयको स्वविवेकमा बन्द इजालसको प्रयोग भइसकेको थियो ।
अधिवक्ता मल्ल भन्नुहुन्छ ( त्यसभन्दा पनि पहिले न्याय सेवाले एक परिपत्र जारी गरी बन्द इजालसको प्रयोग भइसकेको थियो । न्यायालयले स्वविवेकको प्रयोग गरी लैंगिक न्यायका लागि त्यस्तो प्रयोग भएको थियो ।
उहाँका अनुसार तीन(चार महिनाअघि मात्र काठमाडौं जिल्ला अदालतले फैसला गरेको बलात्कारसम्बन्धी मुद्दामा नाम तथा ठेगाना सार्वजनिक नगर्ने निर्णय सुनाएको थियो । तर, त्यस्तो निर्णय न्यायाधीशमा भर पर्ने कुरा पनि उहाँले बताउनुभयो ।

समाचारको कुरा गर्दा कुनैकुनै अवस्थामा समाचारमा पीडितको नाम परिवर्तन हुन्छ तर उसको बुबाको नाम, घर, ठेगाना, यति वर्षकी जस्ता अन्य परिचय सबै दिइएको हुन्छ । जसले पीडितको नाम मात्र दिंदाको अवस्थाभन्दा बढी परिचय हुने गर्छ । सांकेतिकरूपमा यसले सबै गोप्यता भंग गर्दछ ।

अधिवक्ता डा. श्रेष्ठ भन्नुहुन्छ( हामी कसुरदारलाई दण्ड भएको समाचार दिंदैनौं । नकारात्मक समाचार मात्र समाचार हुन् भन्ने मानसिकता पत्रकारहरूमा छ ।
पत्रपत्रिकाहरूले समाचार सम्प्रेषण गर्दा समाजका संवेदनशील विषयहरूमा गर्न हुने र गर्न नहुने कुराको छोटो चर्चा प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघले जारी गरेको पत्रकार आचारसंहिता २०५५ मा पनि छ । तर, त्यसमा महिला तथा बालबालिकाकासम्बन्धी विषय भने उल्लेख नै गरिएको छैन ।

महिला तथा बालबालिकालाई असर पर्ने कुराहरूलाई पनि समावेश गरेर नयाँ आचारसंहिता निर्माणको तयारी प्रेस काउन्सिल नेपालले गरिरहेको छ( अध्यक्ष हरिहर विरहीको भनाइ छ( निकट भविष्यमै त्यस्तो आचारसंहिता आउने छ ।
महिला तथा बालबालिकाका सम्बन्धमा प्रकाशित तथा प्रसारित समाचार, विचार तथा अन्य सामग्रीको नियमित अनुगमन गर्ने योजना काउन्सिलले बनाएको छ । त्यसका लागि काउन्सिलमा बेग्लै संयन्त्र र बजेटको आवश्यकता पर्दछ । तर, त्यसका लागि काउन्सिलमा बजेटको अभाव छ( अध्यक्ष विरहीको गुनासो छ ।
काउन्सिलको कार्ययोजनाअनुरूप सो समितिले तयार पारेको प्रतिवेदन ६/६ महिनामा प्रतिवेदन सार्वजनिक हुनेछ ।

यस अवस्थामा डा. श्रेष्ठको विचारमा आचारसंहिता, ऐन कानुन तथा सामाजिक दण्ड पनि नभएकाले पीडित बहिस्कार हुने र थप पीडित हुने क्रमले निरन्तरता पाएको छ ।
मुलुकी ऐन जबर्जस्ती करणी महलको १० नम्बरमा पीडितलाई दोषीको आधा अंश दिनुपर्ने व्यवस्था छ । तर, डा. श्रेष्ठ भन्नुहुन्छ( त्यसको कार्यविधि नभएकाले कसरी दिलाउने भन्ने कुरामा समस्या रहेको छ । मुद्दाको किनारा नलागेसम्म अदालतले कसुरदारको सम्पत्ति रोक्का पनि गर्न सक्दैन ।
डा. श्रेष्ठको निष्कर्ष छ( विश्वभरि नै यातना पीडितको मानवाधिकारको प्रत्याभूति छ । तर, अपराध पीडितको हकमा भने मानवाधिकारको प्रत्याभूति पनि छैन । त्यसका लागि पीडित न्याय(प्रणाली नै चाहिन्छ ।

उहाँ भन्नुहुन्छ( अपराधजन्य घटनाकै कुरा गर्दा राजनीतिक अपराधका मुद्दा राज्यले फिर्ता लिएर आममाफी पनि दिन्छ र अपराधी छुट्छ । तर, अपराध पीडित भने पीडित नै रहन्छ । यस अवस्थामा विश्वमै अपराध न्याय(प्रणालीको आवश्यकता रहेको छ ।
बलात्कृत महिलाले प्रकाशित समाचारबारे थाहा पनि पाउँदिनन् । पाए पनि त्यसको प्रतिवाद गर्ने सामर्थ्य उनमा हुँदैन किनकि हाम्रो सामाजिक परम्परा नै उनीप्रति सहानुभूतिसमेत व्यक्त गर्न नचाहने हुन्छ । यस अवस्थामा आफैं बलात्कारको घटनाबारे बोल्ने सहास उनमा हुँदैन ।

अधिवक्ता मल्लको विचारमा बालबालिकासम्बन्धी ऐनअनुरूप पनि त्यस्तो विवरण गोप्य राख्नुपर्दछ । उहाँ थप्नुहुन्छ( तर सबै न्यायाधीश संवेदनशील छन् भन्न मिल्दैन । त्यो जानेर वा नजानेर दुवै किसिमले हुनसक्छ । समाचार प्रकाशित भएपछि उत्पन्न हुने असरका सम्बन्धमा ख्याल नगर्दा पीडा झन् थपिन्छ । सो नहोस् भन्नाका लागि त्यसअनुरूप आचारसंहिता निर्माण तथा त्यसको कार्यान्वयनको अनुगमन प्रभावकारी हुनुपर्दछ ।

श्री ५ को सरकार तथा माओवादीबीच हुने आसन्न वार्ताको सन्दर्भमा अहिले मुलुक रूपान्तरणको ढोकामा रहेको छ । त्यसक्रममा महिला तथा बालबालिकालाई थप अधिकारको कुरा पनि उठिरहेको छ । यस सन्दर्भमा महिला तथा बालबालिकालाई मूलधारमा ल्याउनका लागि यस विषयमा पनि सोचिनु सान्दर्भिक ठहर्छ ।

## लागूऔषधबाट पीडित महिला

कमला पराजुली

उसलाई अहिले नछाडिदिनुहोस्, ऊ त्यहीं रहोस् । यदि ऊ छुट्यो भने म र छोरा(छोरी मर्नुपर्छ हजुर बिन्ति छ, उसलाई नछाडिदिनुहोस् ।" झापा जिल्ला प्रशाासन अधिकारीसँग हात जोड्दै ती महिला अनुनय विनय गर्दै रोइन् । अर्काको व्यक्तिगत समस्या केही होला भनेर मैले सोधखोज गर्न उपयुक्त ठानिनँ । भोलिपल्ट पुनः अर्कै ठाँउमा उनीसँग मेरो भेट भयो । उनी निन्याउरी र पीडित देखिन्थिन् कुनै समस्याले चिथोरिरहेझैं । दिदी हिजो तपाई कसको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो ? मैले प्रसंगलाई कोट्याउँदै आफ्नो जिज्ञासा राखें, अनि उनी भक्कानिंदै भन्न थालिन्( "बहिनी के गर्ने कति जन्मको पाप लिएर जन्मेंछु कुन्नि ? आफ्नै लोग्नेलाई मरोस् भनेर प्रार्थना गर्नुपर्ने यो मेरो कस्तो दुर्भाग्य होला ? लोग्नेको आयु बढाउन स्वास्नीहरू ब्रत बस्छन् तर मैले भने यस्तो बोल्नुपर्ने ।" ती महिलाले भनेका कुराबाट सहजै अनुमान हुन्थ्यो उनी आफ्नै लोग्नेबाट पीडित छिन् । मैले पुनः सोधे( अनि के भयो त ? उनी भन्दै गइन्( "मलाई सुरुमा थाहा भएन ऊ के गर्छ । लोग्ने राम्रै गर्छ भन्ठानें । वस्तुभाउ बेच्ने, बालीनाली बेच्ने, सबै पैसा आफैं खर्च गर्ने । कहाँ खर्च भयो भन्यो भने रिसाउने, झन्किने र फन्किने गर्न थाल्यो । विस्तारै(विस्तारै उसको व्यवहार नै फेरिन थाल्यो । छोरा(छोरीलाई कुट्ने, पिट्ने । किताबकापी छैन, फि तिर्ने बेला भयो भन्दा जेले पायो त्यसैले झटारो हान्ने गर्न थाल्यो । यसरी व्यवहारमा परिवर्तन आएको देखेर छोरा(छोरी पनि दिक्क मान्न थाले । मेरा दुई छोरा र तीन छोरी छन्, सबै हुर्केका, एउटीको त विवाह पनि भएको छ । बाबुको यो अवस्थाले सुरुमा उनीहरू पनि चिन्तित भए तर झन्डै एक वर्षपछि मात्र थाहा भयो उसलाई लागूऔषधको नसाले बिगार्न थालेछ । ड्रक्स सेवन गर्न नपाउँदा छटपटिएर बौलाहाजस्तै हुने र हामीलाई कुटपिट गर्ने, त्यति गर्न नपाए बञ्चरो बोकेर गाईभैंसीलाई समेत हान्ने गर्न थाल्यो । आखिर के गर्ने ? कि त हामी सबै मरेर उसलाई बहुलाउन दिनुपऱ्यो कि त हामी बाँच्नका लागि उसलाई जीवनभर कैद बनाइरहनुपऱ्यो, योभन्दा अर्को कुनै विकल्प मेरा लागि छैन ।"

एउटी स्वास्नी कस्तो विवशतामा होली जसले आफ्नो लाग्नेलाई जीवनभर कैद गराउन हात जोड्नुपऱ्यो, सहजै अनुमान गर्न सकिन्छ । यो एउटी मात्र महिलाको व्यथा होइन । झापा चन्द्रगढीकी अर्की वर्ष २३ की सीता दाहाल (नाम परिवर्तन) पनि यस्तै हिंसाको सिकार भएकी छन् । १८ वर्षको उमेरमा आईए दोस्रो वर्ष पढ्दै गर्दा उनका आफन्तहरूले विवाह गराइदिए । आर्थिक रूपले मध्यमवर्गीय तर चेतनाले सचेत परिवारकी सीताको आफूभन्दा १५ वर्ष जेठो मानिससँग विवाह भयो । उमेर जति भए पनि भारतको दार्जिलिङबाट एमए पास गरेको केटाले राम्रो जागिर पाउँछ र सुखैले पाल्छ भनेर उनी विश्वस्त भइन् । विवाह भएको केही महिना त ठीकैसँग बिते । वर्ष दिन नपुग्दै उनी एउटी छोरीकी आमा पनि बनिन् । उनका लोग्ने जागिरको खोजीमा ठाउँ(ठाउँ चहार्न थाले तर कहीं पनि काम पाएनन् । बाहिरबाट निराश भएर घरमा फर्कने र परिवारसँग असन्तुष्टि पोख्न थाले । उनको व्यवहारमा आएको यस परिवर्तनले सबै चिन्तित हुन थाले । केही समयपछि थाहा भयो उनी पनि ड्रक्स सेवनमा लागिसकेछन् ।

"मेरी छोरीसँग ऊ प्रेम गर्थ्यो, उनीहरू एक(अर्कालाई मन पराउँथे, बीए पढ्दै गरेकी छोरी कुरा बुझ्छे, बिग्रँदैनन्, ठीकै छ केही समय पछाडि विवाह गरिदिउँला भनेर म चुप लागें । ऊ मसँग पैसा मागिरहन्थी । दुई(चार हजार चलाएको म प्रायः थाहा नै पाउँदिनथें । बाबुले पनि मलाई छाडेर अर्की स्वास्नी ल्याएर बसेकाले मेरो सहारा त्यही छोरी हो । मेरो सम्पत्ति भनेको उसकै हो, त्यसैले मैले उसका रहरहरू दबाइनँ । एकपटक उसले मसँग ठूलै रकम मागी । मैले किन भनेर सोधें, उसले मेरो साथीका लागि समस्या पऱ्यो म तुरुन्तै फर्काउँछु भनी, होला ता नि भनेर मैले उसलाई एक लाख रुपैया दिएँ । त्यसपछि ऊ केही दिन बेपत्ता भई, मसँग पनि सम्पर्क गरिनँ । म छटपटाएँ । पछि अरूबाट थाहा पाएँ उनीहरू लागूऔषध सेवन गर्ने र गलत धन्दा चलाउने गर्दारहेछन् ।" सरस्वती शर्मा (नाम परिवर्तन) बताउँछिन् । उनी पनि एउटी सामाजिक कार्यकर्तालाई साथमा लिएर आफ्नी छोरीको समस्या समाधानको खोजीमा झापा जिल्ला प्रशासन कार्यालयमा आएकी थिइन् । छोरी पनि बर्बाद भई, उसमाथि अत्याचार भइरहेको छ अनि अझ मलाई पैसा दे नत्र तेरी छोरी छाड्दैनौं भन्दै धम्की दिन्छन्( उनी भन्छिन् ।

अहिले पूर्वाञ्चलको झापा, मोरङ्ग र सुनसरीमा यस्ता धेरै परिवार भेटिन्छन् जहाँ लागूऔषधको सेवनले युवाहरू बरालिएका छन्, परिवार टुक्रिएका छन् र महिलाहरू हिंसाको शिकार भएका छन् । खाली दिमाग सैतानको घर भनेझैं राज्यले पनि युवाहरूको बल, बुद्धि र क्षमता प्रयोग गर्ने उपयुक्त अवसर दिन नसक्दा यस्ता सम्स्याहरूको कारण बनेको छ । चाहे जे होस्, जुनसुकै

घटनाले पनि महिलाहरूको जीवनमा प्रभाव पारेकै छ । कहीं शारीरिक हिंसा, कहीं मानसिक हिंसा । द्वन्द्वको कारणले पनि महिलाहरू नै धेरै प्रभावित छन् । दाइजोको कारणले पनि महिला नै पीडित छन् ।

सामाजिक रूपमा पनि महिला नै असुरक्षित छन् । जतातत‍ै असुरक्षित महिलाहरू आफ्नै घरभित्र पनि असुरक्षित छन् । हिंसैहिंसाको चपेटामा जलेर छटपटाइरहेका छन् । आखिर कहिले अन्त्य हुन्छ महिलामाथिको अत्याचार र हिंसा ? के महिला मात्र सचेत भएर यस्ता हिंसाहरूको अन्त्य होला ? महिलालाई मात्र शिक्षा र तालिम दिएर के गर्ने हरेक पलपलमा जीवन गाँसिएको पुरुष पनि सचेत र संवेदनशील नभएसम्म ।